# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०८/१३)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८० साल मंसिर १२ गते मंगलवार बसेको सञ्चालक समितिको ४२०औं बैठकको निर्णय अनुसार संस्थाको बाईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : वि.सं. २०८० साल पौष **०४** गते **बुधबार** (तदनुसार **२० डिसेम्बर २०२३**) ।

समय : बिहान **११:००** बजे ।

स्थान : **अम्रपाली ब्यान्क्वेट क्याटेरिङ्ग एण्ड इभेण्ट्स, बालुवाटार मार्ग, काठमाडौं** ।

**छलफलका विषयहरू**

**(अ) सामान्य प्रस्तावहरु :**

(१) यस वित्तीय संस्थाको २२औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०७९/८०को **संचालक समितिको प्रतिवेदन** उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

(३) आ.व. २०७९/८० सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्तापुँजीको ०.६५०५% ले हुन आउने रकम रु.८३,९४,९७४/-(**अक्षरेपि त्रीयासी लाख चौरानब्बे हजार नौ सय चौहत्तर**) नगद लाभांश (बोनस शेयरको करको लागि) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) अनुसार आ.व. २०७९/८० का लागि नियुक्त बहालवाला वाह्य लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चाटर्ड एकाउण्टेण्स्, पुल्चोक, ललितपुर समेत आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नको लागि नियुक्त हुन योग्य रहेको) ।

(५) संस्थाको संचालक समितिमा सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित १ जना संचालकको कार्यकाल आगामी २०८० पौष २० गते समाप्त हुने हुँदा उक्त स्थानमा नयाँ संचालकको निर्वाचन गर्ने ।

**आ) विशेष प्रस्ताव :**

(१) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७९/८० सम्मको मुनाफाबाट चुक्ता पुँजी रु. १,२९,०४,९५,५००/-को १२.३५९९% ले हुने रकम रु.१५,९५,०४,५००/- (**अक्षरेपी पन्ध्र करोड पन्चानब्बे लाख चार हजार पाँच सय रुपैया मात्र**) बराबरको १५ लाख ९५ हजार ४५ कित्ता **बोनस शेयर** शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

(२) हालको जारी तथा चुक्ता पुँजी रु. १,२९,०४,९५,५००/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी रु. १,४५,००,००,०००/-कायम गर्ने ।

(३) प्रबन्धपत्रको दफा २, ५(ख) र ५(ग) निम्न अनुसारले संशोधन गर्ने : प्रबन्धपत्रको ५(ख) (जारी पुँजी), र ५(ग) (चुक्ता पूँजी) संलग्न तिन महले **अनुसूची** अनुसार हुने गरी संशोधन गर्ने ।

(४) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(इ) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) २२औं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०८०/०८/२२ गतेका दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज/शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहनेछ ।

(२) वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंबाट वा वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.npबाट प्राप्त गर्न सकिनेछ ।

(३) सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा सुरू हुनु भन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । एक शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतःबदर हुनेछन् ।

(४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

(५) नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ ।

(६) सभामा उपस्थित हुने शेयरधनीहरूले संस्थाको शेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (शेयर अभौतिकिकरण नगरेका शेयरधनीको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरे पछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

(७) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा सभा सुरु हुनु भन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ ।

(८) संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८०/०८/२७ गते संस्थाको वेभसाइट तथा केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंको सूचनापाटीमा टाँस गरिने छ ।

(९) सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्तीमा ५० कित्ता शेयर ग्रहण गरेको र कम्पनी ऐन, २०६३; बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३; बमोजिम अयोग्य नठहरिएको तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी गरिएका निर्देशन बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

(१०) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

(११) साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको फोन नं. ०१-४५३४९२१/०१-४५३४९२२ मा वा ईमेल info@swbbl.com.np सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।